# कालिमाटी गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ४ संख्याः १४ मितिः२०७९/१०/१७

### भाग-२

### कालिमाटी गाउँपालिका

## पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट पारित मितिः२०७९/१०/१३

**प्रस्तावनाः** पशु उत्पादन क्षेत्रलाई निर्वाहमुखीवाट व्यवसायीकरणमा परिणत गर्न र तीव्रतर लगानि विस्तार गरी समग्र व्यवसायलाई नै प्रतिस्पर्धी बनाउन आवश्यक छ। यसका लागि पशुपंक्षिको उत्पादन प्रशोधन तथा बजारीकरण गरी पशुपालक कृषकहरुलाई थप बढी प्रतिस्पर्धी बनाउनको लागि प्रदान गरिने थप सहयोग तथा कार्यक्रमलाई अझ बढी प्रभावकारी एवं पारदर्शी रुपमा लक्षित वर्गसम्म पुऱ्याउन र यस व्यवसायलाई आर्थिक उपार्जन, स्वरोजगार प्रर्वद्धन एवं गरिवी न्युनिकरणको माध्यमवाट राष्ट्रिय अर्थ व्यवस्थामा ठोस योगदान पुर्याउन यस गाउँपालिकाको विभिन्न नीति तथा कार्यक्रमलाई सहज, सरल, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न कालिमाटी गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद १

## प्रारम्भ

१) **संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधिको नाम **"पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०७९** रहेको छ ।

२. यो कार्यविधि कालिमाटी गाउँ कार्यपालिकाबाट स्वीकृत भई कालिमाटी गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२) **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. **"गाउँपालिका"** भन्नाले कालिमाटी गाउँपालिका सम्झनु पर्दछ ।

२. **"शाखा"** भन्नाले पशु सेवा शाखा सम्झनु पर्दछ ।

३. **"कार्यालय"** भन्नाले कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

४. **"पशु बिकास कार्य समिति"** भन्नाले गाउँपालिकाको पशु विकास कार्यक्रम संचालन, अनुगमन मुल्यांकन गर्न गठन भएको समितिलाई सम्झनु पर्दछ ।

५. **"समूह"** भन्नाले १० वा सो भन्दा बढी कृषकहरु संगठित भई यस कार्यविधि बमोजिम गठन भएको समुहलाई सम्झनु पर्दछ ।

६. **"निजि फार्म"** भन्नाले एकल वा साझेदारी स्वामित्वमा रही यस गाउँपालिकामा दर्ता भएको फर्म सम्झिनु पर्दछ ।

७. **"कार्यबिधि"** भन्नाले **"पशु सेवा कार्यक्रम संचालन कार्यबिधि, २०७९**"सम्झनु पर्दछ।

**३) यस कार्यविधिको उद्देश्यहरुः**

१. पशु सेवा शाखाका कार्यक्रम संचालनमा सहयोग पुऱ्याउने ।

२. गाउँ सभाबाट विनियोजित रकमलाइ पारदर्शी बनाई संचालन गर्न सहयोग पुऱ्याउने ।

३. संभाव्यता हेरी कार्यक्रम प्रसारमा सहयोग पुऱ्याउने।

४. गाउँपालिकालाई दुध,मासु, अन्डा तथा माछामा आत्मनिर्भर बनाई निर्यात गर्न सहयोग गर्ने ।

५. पशुपालन व्यवसायको उद्यमशीलता प्रबर्धन एंव व्यवसायीकरण गर्नका लागि आवश्यक प्रविधि तथा सिपलाई लक्षित वर्गसम्म पुर्याउन सहयोग स्वरूप अनुदान प्रदान गर्ने ।

६. पशुपालन व्यवसायबाट उत्पादित पदार्थहरुको गुणस्तर सुधार गर्ने र उत्पादन लागत न्युनिकरण गर्ने।

७. कृषकहरुलाई उत्पादनको आधारमा अनुदानको व्यवस्था गरि उत्पादन बढाउने तर्फ उत्साहित गर्ने।

**४) कार्यक्रम स्थल छनौटका आधारः** कालिमाटी गाउँपालिका क्षेत्रभित्र आवश्यकता, सम्भाव्यता, माग तथा कार्यक्रमको प्रकृति हेरी पशु विकास कार्य समितिले निर्णय गरे बमोजिम कार्यक्रम संचालन स्थल छनौट गरिने छ ।

**५. पशु बिकास कार्य समिति** : (१) पशु सेवा कार्यक्रम संचालनको समग्र छनौट, अनुगमन एवं मुल्यांकन को लागि देहाय बमोजिमको पशु बिकास कार्य समिति गठन गरिनेछ ।

१. गाउँपालिका अध्यक्ष संयोजक

२. गाउँपालिका उपाध्यक्ष सदस्य

३. प्रमुख प्राशासकीय अधिकृत सदस्य

४. अध्यक्षले तोकेको एक जना वडा अध्यक्ष सदस्य

५. सम्बन्धित शाखाको प्रमुख सदस्य सचिव

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएता पनि समितिले आवश्यकता अनुसार सम्बन्धित विषयमा जानकार कसैलाई आमन्त्रण गर्न सक्ने छ ।

**परिच्छेद २**

**१.कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम संचालन बिधि**

**१.१ कार्यक्रमको उद्देश्य**

- पशु तथा पशु जन्य उत्पादनको बजारीकरण गरि कृषकहरुलाई प्रति ईकाई उत्पादनको अनुदान प्रदान गर्ने
- पशुपालनमा व्यवसायीकरणको बिकास गरी रोजगारीको लागि बिदेशिने क्रम न्युनिकरण गर्न सहयोग पुर्याउने |
- कृषकहरुको आय आर्जनमा टेवा पुर्याई कृषक परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुर्याउने |
- युवाहरुलाई पशुपालन व्यवसाय आकर्षण गर्न |

**कार्यक्षेत्रः** यो कार्यक्रम कालिमाटी गाउँपालिका क्षेत्र भित्र संचालन गरिने छ |

**मापदण्ड**

- वार्षिक ५ वटा भन्दा बढी खसी बोका बिक्री गर्ने कृषकहरुलाई प्रति गोटा ५०० रुपैया उपलब्ध गराइने छ |
- मासिक १०० लिटर भन्दा बढी दुध बिक्री गर्ने कृषकलाई प्रति लिटर रु ५ अनुदान उपलब्ध गराईनेछ |
- मासिक २००० भन्दा बढी अण्डा उत्पादन गरि बिक्री गर्ने कृषकहरुलाई प्रति अन्डा ५० पैसाका दरले अनुदान उपलध गराइनेछ |

- बार्षिक ५०० के जी भन्दा माथी माछा उत्पादन गरी बिक्री गर्ने कृषकहरुलाई प्रति के जी रु ५ अनुदान रकम उपलब्ध गराइने छ ।

**१.२ कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम संचालन प्रक्रिया**

- कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम संचालनको लागि गाउँपालिकाले कृषकहरुबाट अनुसूची १ बमोजिमको पशुपन्छीको अभिलेखको लागि सूचना प्रसारण गर्ने छ ।
- इच्छुक कृषकहरुले अनुसूची २ बमोजिमको अभिलेख गाउँपालिकामा पेश गर्नु पर्नेछ ।
- बिक्री भएको दुध, मासु, अण्डा,माछाको अभिलेख कृषकले अनुसूची ३ बमोजिम राख्नु पर्नेछ ।
- अनुदान रकम सम्बन्धित कृषकले अभिलेख सहित गाउँपालिका संग चौमासिक रुपमा माग गर्नु पर्नेछ ।
- अभिलेखमा परेका कृषकहरुलाई गाउँपालिकाले अनुगमन गर्नेछ ।

**शर्तहरु :**

**बोका खसी उत्पादन र बिक्री तर्फ :**

- बोका खसी घरमै उत्पादन भएको हुनुपर्ने छ । प्रति वर्ष ५ वटा भन्दा बढी बोका खसी बिक्री गरेको हुनुपर्ने छ ।
- अन्यत्र बाट किनेर ल्याएको बोका खसी बिक्री गर्दा उक्त अनुदान रकम उपलब्ध हुने छैन ।
- आफ्नो घरमा भएका बाख्रा, खसी बोकाको अभिलेख पशु सेवा शाखामा गरेको हुनुपर्ने छ ।

**दुध बिक्री तर्फ :**

- दुध घरमै उत्पादन भएको हुनुपर्ने छ ।

- प्रति महिना १०० लिटर भन्दा बढी दुध उत्पादन गरि बिक्री गर्नु पर्ने छ ।
- आफुले खरिद गरी बिक्री गरेको दूधलाई मान्यता दिइने छैन ।
- कृषकले पालेका गाई भैसीको अभिलेख पशु सेवा शाखामा राखेको हुनुपर्ने छ ।

**अण्डा उत्पादन तर्फ :**

- आफ्नै घरमा उत्पादन गरेको हुनुपर्ने छ ।
- मासिक २००० भन्दा बढी अण्डा उत्पादन गरि बिक्री गरेको हुनुपर्ने छ ।
- कृषकले पालेका कुखुराको अभिलेख पशु सेवा शाखामा राखेको हुनुपर्ने छ ।

**माछा उत्पादन तर्फ :**

- घरमै उत्पादन गरेको हुनुपर्ने छ ।
- बार्षिक ५०० के जी भन्दा बढी माछा उत्पादन गरि बिक्री गरेको हुनुपर्ने छ ।
- खरिद गरी बिक्री गरेको माछालाइ मान्यता दिइने छैन ।
- कृषकले पालेका माछाको अभिलेख पशु सेवा शाखामा राखेको हुनुपर्ने छ ।

**अनुदानका लागि पेश गर्नु पर्ने कागजातहरु :**

- सम्बन्धित कृषकको निबेदन
- पशु तथा पशुजन्य पदार्थ बिक्रीको अभिलेख
- सम्बन्धित वडा कार्यालयको सिफारिस

## परिच्छेद ३

## गाउँपालिका अध्यक्ष उत्कृष्ट पुरस्कार तथा सम्मान कार्यक्रम संचालन बिधि

**उद्देश्य :**

यस कार्यक्रमका उद्देश्य देहाय बमोजिमका हुनेछन :

- कृषकहरुको योगदानलाई सम्मान गर्ने ।
- कृषकहरुको मनोबल उच्च राख्न सहयोग पुर्याउने ।
- कृषक समुदायमा स्वस्थ प्रतिस्पर्धाको भावना विकास गरी कृषि तथा पशुपालन पेशालाई व्यवसायिक बनाउन सहयोग गर्ने ।

**गाउँपालिका अध्यक्ष उत्कृष्ट कृषक छनौटको बिधि :**

- कालिमाटी गाउँपालिकाले **"गाउँपालिका अध्यक्ष उत्कृष्ट पुरस्कार"** कार्यक्रमको लागी अनुसूची ४ बमोजिम १५ दिनको सूचना प्रवाह गरी कृषकहरुबाट निबेदन माग गर्ने छ ।
- गाउँपालिका अध्यक्ष उत्कृष्ट पुरस्कार कार्यक्रममा सहभागी हुनको लागि अनुसूची ५ बमोजिमको मापदण्ड हुनुपर्ने छ |
- गाउँपालिका अध्यक्ष उत्कृष्ट पुरस्कार कार्यक्रममा सहभागी हुनको लागि अनुसूची ६ बमोजिम निबेदन दिनुपर्नेछ ।
- प्राप्त हुन आएका प्रस्तावहरुलाई अनुसूची ७ बमोजिम मुल्यांकन समितिले मुल्यांकन गर्नेछ ।
- गाउँपालिका अध्यक्ष सर्बोकृष्ट कृषकमा १ जना र गाउँपालिका अध्यक्ष उत्कृष्टमा ३ जना कृषकलाई छनौट गरिनेछ । छनौटमा परेका सर्बोकृष्ट कृषक लाई रु ४०,००० हजारको दरले र उत्कृष्टलाई २०,००० का दरले पुरस्कार सहित सम्मान गरिने छ |
- एक पटक सर्बोकृष्टमा परेको कृषक पुनः अर्को पटक उक्त कार्यक्रममा सहभागी हुन पाउने छैन भने उत्कृष्टमा परेको कृषक अर्को वर्ष सर्बोकृष्ट पुरस्कार कार्यक्रममा सहभागी हुन सक्ने छ तर उत्कृष्टमा कार्यक्रममा सहभागी हुन पाउने छैन |
- कार्यक्रममा कृषि र पशुपालन पेशामा ब्यबसायीक रुपमा संलग्न भएको कृषकलाई सहभागी गराउनु पर्ने छ |

## परिच्छेद ४

## उन्नत जातका बोका वितरण कार्यक्रम संचालन बिधि

**उदेश्य :**

- उच्च उत्पादन क्षमता भएका पशुबाट प्रजनन गराई दुध, मासु उत्पादनमा वृद्धि गर्ने ।
- पशुमा हुने हाडनातालाई जोगाउने ।
- दुध र मासुजन्य उत्पादनको परिमाण र गुणस्तरमा सुधार गर्ने तथा उत्पादन लागतमा न्युनिकरण गर्ने ।

**कार्यक्रम अन्तर्गत गरिने क्रियाकलापहरु**

यस कार्यक्रम अन्तर्गत संचालन गरिने क्रियाकलापहरु निम्नानुसार हुनेछन

- ५० % अनुदानमा प्रत्येक वडामा उन्नत जातको बोका वितरण गर्ने |

**कार्यक्रम संचालन सम्वन्धि व्यवस्था**

- यो कार्यक्रम गाउँपालिकाको सबै वडामा संचालन गरिनेछ ।
- कालिमाटी गाउँपालिकाले बोका उपलब्ध गराउने फार्मबाट दरभाउ माग गर्ने छ ।।
- कम मुल्यमा बोका/पाठी उपलब्ध गराउने फार्मलाई छनौट गरिने छ ।
- छनौट मा परेको फार्मले गाउँपालिका संग सम्झौता गर्ने छ ।
- गाउँपालिकाले अनुसूची-८ बमोजिम कृषक/समूह को प्रस्ताव आह्वान गर्नेछ ।
- कार्यक्रममा सहभागि हुन ईच्छुक व्यक्ति वा समुहले अनुसूची-९ अनुसारको निवेदन र अनुसूची १० अनुसारको प्रतिबद्ता पेश गर्नु पर्ने छ ।

- प्राप्त प्रस्ताव तथा कार्यक्रम सन्चालनको लागि स्थलगत अनुगमनको आधारमा अनुसूची-११ बमोजिम पशु बिकास कार्य समितिले छनौट गर्नु पर्नेछ ।
- छनौटमा परेका व्यक्ति/समुहले अनुसूची १२ अनुसार सम्बन्धित कार्यालय संग सम्झौता गर्नु पर्नेछ ।

## परिच्छेद ५

## गाउँपालिका स्तरीय/स्थलगत तालिम संचालन बिधि

**उद्देश्य :**

प्रशिक्षार्थीहरुलाई पशुपन्छी सम्बन्धी नयाँ नयाँ प्रबिधि सिकाइ व्यवहारिक रुपमा दक्ष बनाइने छ ।

**तालिम कार्यक्रम सम्बन्धी**

**तालिम सञ्चालन स्थलः** गाउँपालिका स्तरीय तालिम गाउँपालिकाको कार्यालयमा र स्थलगत तालिम सम्बधित स्थानमा सञ्चालन गरिनेछ ।

**तालिम अवधिः** गाउँपालिका स्तरीय तालिम ३ दिनको हुने छ भने स्थलगत तालिम २ दिनको हुने छ ।

**प्रशिक्षार्थी छनौटको लक्षित वर्गहरु :**

- पशुपन्छी पालन पेशामा संलग्न युवा कृषकहरु
- वैदेशीक रोजगारीबाट फर्की पशुपन्छीपालन व्यवसायमा संलग्न कृषकहरु
- गाउँपालिकामा फार्म दर्ता गरी पशुपालन व्यवसाय संचालन गरीरहेका कृषकहरु

**तालिममा प्रशिक्षार्थीको संख्याः** कम्तिमा २०-२५ जना प्रशिक्षार्थीहरु सहभागी हुने छन् ।

**सहभागी छनौट विधिः**

- गाउँपालिका स्तरीय तालिम संचालको लागि गाउँपालिकाले अनुसूची १३ बमोजिम ३० दिनको सूचना प्रकाशन गरि

तालिम लिन इच्छुक कृषकहरुबाट प्रस्ताव आह्वान गर्ने छ ।

- तालिम लिन इच्छुक कृषकले अनुसूची १४ बमोजिमको निबेदन पेश गर्नु पर्ने छ ।
- पेश भएका प्रस्तावहरुलाई पशु बिकास कार्य समितिले अनुसूची १५ बमोजिम छनौट गर्ने छ ।
- स्थलगत तालिमको लागि सम्बन्धित वडाका जनप्रतिनिधिको रोहभरमा सहभागी छनौट गरिने छ ।

**तालिम सन्चालन बिधि :**

- सहभागी प्रशिक्षार्थीहरुलाई सैधान्तिक र प्रयोगात्मक विधिबाट तालिम सञ्चालन गरिनेछ।
- गाई, भैंसी, बाख्रा, माछा र कुखुरापालन विषयहरुमा स्वीकृत पाठक्रम अनुसार तालिम सञ्चालन हुनेछ।
- दिनमा जम्मा ४ कक्षा सञ्चालन गरिनेछ।
- तालिम अवधि पूरा भएपछि सहभागीहरुलाई प्रमाण-पत्र प्रदान गर्नुपर्ने छ ।
- तालिम संचालन कालिमाटी गाउँपालिका पशु सेवा शाखाले वा शाखाले बिज्ञहरुलाइ आमन्त्रण गरी संचालन गर्ने छ ।

**आर्थिक नर्मस सम्बन्धी**

तालिम संचालन सम्बन्धी खर्चको मापदण्ड **तालिम संचालन तथा व्यवस्थापन गा.पा कार्यालयको नर्मस तथा कार्यबिधिमा उल्लेख** भए बमोजिम गरिनेछ ।

## परिच्छेद ६

## पशु स्वास्थ्य शिविर संचालन विधि

**उदेश्य**

- गाउँपालिकाको नीति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

- ब्यबसायिक पशु पालनको पकेट क्षेत्रमै कृषक उद्यमीहरुलाई आवश्यक पर्ने सम्पूर्ण पशु स्वास्थ्य सेवा (उपचार, खोप सेवा, गाइनाकोलोजिकल सेवा, रोग निदान, सर्जिकल सेवा आदि) पशु स्वास्थ्य शिविरको माध्यमबाट उपलब्ध गराउँने ।
- पशु सेवा शाखा/पशु सेवा केन्द्रको पहुँच भन्दा टाढा रहेको कुनै पनि सम्भाव्य स्थानमा कृषक/उद्यमीहरुलाई पशु स्वास्थ्य सेवा उपलब्ध गराउँन प्राथमिकता दिने ।
- पशु पन्छीका रोगहरुको निदान, उपचार र नियन्त्रणमा सहयोग पुर्याउँने ।
- पशु स्वास्थ्य तथा भेटेरिनरी जनस्वास्थ्य सम्वन्धमा जनचेतना अभिबृद्धि गर्ने ।

**कार्यक्रम संचालन प्रकृयाः**

- पशु स्वास्थ्य शिविर संचालन गर्नुपूर्व गाउँपालिका संग समन्वय गरी तहाँको आवश्यकता अनुसार शिविर संचालन गर्न स्थान छनौट गर्नेछ ।
- शाखाले आफ्नो पालिकाको आवश्यकता अनुसार (त्यस क्षेत्रका कृषक ,समूह, समितिको माग एवं सेवाको पहुँच तथा अपरिहार्यता) शिविर संचालनको लागि स्थान तोकी गाउँपालिकालाई जानकारी गराउँनेछ ।
- शाखाले गाउँपालिकाको समन्वयमा कार्यक्रम संचालन हुन १ हप्ता अगावै स्थानीय संचार माध्यम, रेडियो, पोष्टर, पम्फलेट आदिको माध्यमबाट प्रचार प्रसार गर्नेछ ।
- शाखाले शिविरका लागि आवश्यक पर्ने औषधी, भ्याक्सिन तथा अन्य सामग्रीहरुको ब्यबस्थापन गर्नेछ ।
- विशेषज्ञ टोलीमा शिविर संचालन हुने पालिकाको आवश्यकता अनुसार भेटेरिनरी अस्पताल तथा पशु सेवा

बिज्ञ केन्द्र र निजी क्षेत्रमा कार्यरत पशु चिकित्सा क्षेत्रका विज्ञहरु हुनेछन् ।

- एउटा शिविरमा साना र ठूला गरी कम्तीमा १०० पशुलाई आवश्यक पशु स्वास्थ्य सेवा उपलब्ध गराउँनु पर्नेछ ।

**आर्थिक कार्यविधि**

५.१ शिविर संचालनको लागि आवश्यक सम्पूर्ण कृयाकलापहरु १ लाख रुपैया सम्ममा सम्पन्न गर्नुपर्नेछ । जस अनुरुप तपशील बमोजिमका रहनेछन् ।

| क्र.सं. | कृयाकलापहरु | लागत (रु) |
|---|---|---|
| १ | पशु स्वास्थ्य शिविर सम्वन्धि प्रचार प्रसार<br>क) मेडिया (छाँया, श्रव्य, श्रव्य दृष्य, गाडी मार्फत प्रचार)<br>ख) तुल/ब्यानर | ८,०००/-<br>१,०००/- |
| २ | औषधी, खोप तथा अन्य सामग्री ब्यबस्थापन | ७०,०००/– |
| ३ | खाना, चियापान खर्च (औपचारिक कार्यक्रम समेत ) | ५,००० /– |
| ५ | प्राविधिक भत्ता | १०००० |
| ६ | अनुगमन | ६००० |

५.२ पशु स्वास्थ्य शिविरका लागि बिज्ञ केन्द्रबाट जाने कर्मचारी तथा आवश्यकता अनुसार विज्ञहरुको दैनिक तथा भ्रमण भत्ताको ब्यबस्थापन प्रचलित आर्थिक नियमानुसार पालिकाले गर्नेछ ।

## परिच्छेद ७
## बिपत व्यवस्थापन कार्यक्रम सँचालन विधि

**उदेश्य :**

- कृषकहरुलाई प्राकृतिक प्रकोप तथा महामारी रोग बाट हुने क्षेतिमा राहत उपलब्ध गराउने ।
- पशुपालन पेशामा जोखिम न्यूनीकरण गर्ने ।

**कार्यक्रम संचालन प्रक्रिया :**

- यो कार्यक्रम गाउँपालिका सबै वडा हरुमा संचालन गरिने छ ।
- गाउँपालिका भित्र कुनै महामारी रोगको प्रकोप देखा परेमा आकस्मिक औषधि खरिद तथा उपचार सेवामा रकम खर्च गरिने छ ।
- प्राकृतिक प्रकोप जस्तै बाढी, पहिरो, आगलागिबाट पशुपन्छीको मृतु हुन गएमा १ माउ बाखा वा बोकाको रु ५०००, १ गाईभैसी वा राँगो को १०००० र १ कुखुरा को रु २०० का दरले कृषकहरुलाई राहत रकम उपलब्ध गराइने छ ।
- राहत रकमको लागि सम्बन्धित वडा कार्यालयको प्रमाणित सिफारिस पत्र, प्रहरी मुचुल्का, मृतु भएको पशुको फोटो, नेपाली नागरिकताको फोटोकपी लिएर आउनु पर्ने छ ।
- प्राप्त हुन आएका निबेदनहरुलाई पशु बिकास कार्य समितिले छनौट गरि राहत रकम उपलब्ध गराउने छ ।

## परिच्छेद ८
## पशुपन्छीको औषधि खरिद

पशुपन्छीको औषधि खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा कालिमाटी गाउँपालिका सार्वजनिक खरिद नियमावली, २०७६ बमोजिम सम्बन्धित शाखाले खरिद गरी कृषकहरुको मागको आधारमा कृषकहरुलाई वितरण गरिनेछ।

## परिच्छेद ९
## पशुपन्छी फार्म/समुह/मासु पसल/डेरी पसल/एग्रोभेट/दाना पसल गाउँपालिकामा दर्ता प्रक्रिया

**उदेश्य :**

- पशुपन्छी फार्म /डेरी /मासु पसल/समुह/ दाना पसल/एग्रोभेट/पसल गाउँपालिकामा अभिलेख राखी तिनीहरुको नियमन,प्रबर्धन र अनुगमन गर्ने ।

**फार्म दर्ताको मापदण्ड :**

**१.व्यावसायिक गाईभैसी फार्मको बर्गिकरण :**

फार्म लाई ३ वर्गमा विभाजनमा गरिने छ :

**क.साना व्यावसायिक गाईभैसी फार्म**

५-१० वटा गाई/भैसी पालन गरी दुध उत्पादन व्यवसाय शुरु गरेका फार्मलाई मानिने छ ।

**ख.मझौला व्यावसायिक गाईभैसी फार्म**

११-२० वटा सम्म गाई/भैसी पालन गरी दुध उत्पादन व्यवसाय शुरु गरेका फार्मलाई मानिने छ ।

**ग.ठुला व्यावसायिक गाईभैसी फार्म**

२१ भन्दा माथि उन्नत गाईभैसी गरी दुध उत्पादन व्यवसाय शुरु गरेका फार्मलाई मानिने छ ।

**२. व्यावसायिक बाख्रा फार्म को बर्गिकरण**

**क. साना व्यावसायिक बाख्रा फार्म**

१५- ३० स्थानीय माउ बाख्रा वा ५ बोयर माउ बाख्रा पालन गरि व्यवसाय शुरु गरेका फार्मलाई मानिने छ ।

**ख. मझौला व्यावसायिक बाख्रा फार्म**

३१-५० स्थानीय माउ बाख्रा वा १० बोयर जातका माउ बाख्रापालन गरि व्यवसाय शुरु गरेका फार्मलाई मानिने छ ।

**ग.ठुला व्यावसायिक बाखा फार्म**

५१ भन्दा माथि स्थानीय माउ बाखा वा ३० वटा बोयर जातका माउ बाखापालन गरि व्यवसाय शुरु गरेका फार्मलाई मानिने छ ।

**३.व्यावसायिक बंगुर फार्म को बर्गिकरण :**

**क.साना व्यावसायिक बंगुर फार्म :**

पाठापाठी उत्पादनको लागि भए ५-१० वटा माउ र मासु उत्पादनको लागि भए १० वटा बंगुर पालन गरी व्यवसाय संचालन गरेका फार्मलाई मानिने छ ।

**ख. मझौला व्यावसायिक बंगुर फार्म :**

पाठापाठी उत्पादनको लागि भए ११-१५ वटा माउ र मासु उत्पादनको लागि भए ४५ वटा बंगुरका पाठापाठी पालन गरी व्यवसाय संचालन गरेका फार्मलाई मानिने छ ।

**ग. ठुला व्यावसायिक बंगुर फार्म :**

पाठापाठी उत्पादनको लागि भए १६ देखि माथि माउ बंगुर र मासु उत्पादनको लागि भए ४५ वटा बंगुरका पाठापाठी पालन गरी व्यवसाय संचालन गरेका फार्मलाई मानिने छ ।

**४.व्यावसायिक कुखुरा फार्म को बर्गिकरण :**

**क. साना व्यावसायिक कुखुरा फार्म :**

५०० – १००० वटा ब्रोइलर, लेयर्स कुखुरा पालन गरी व्यवसाय संचालन गरिरहेका फार्मलाई मानिने छ ।

स्थानीय जातका कुखुराको हकमा १०० – २५० कुखुरा पालन गरि ब्यबसाय सँचालन गरेको हुनुपर्ने छ ।

**ख. मझौला व्यावसायिक कुखुरा फार्म :**

१००० – ३००० वटा ब्रोइलर, लेयर्स वा अन्य जातका कुखुरा पालन गरे व्यवसाय संचालन गरिरहेका फार्मलाई मानिने छ ।

**ग.ठुला व्यावसायिक कुखुरा फार्म :**

३००० भन्दा माथि ब्रोइलर, लेयर्स वा अन्य कुखुरा पालन गरे व्यवसाय संचालन गरिरहेका फार्म लाई मानिने छ ।

**५.मासु पसल** : दैनिक २० केजी भन्दा बढी मासु बिक्री गर्ने मासु पसल लाई दर्ता प्रक्रियामा लगिने छ ‌|

**६. डेरी पसल** : दैनिक २० केजी लिटर भन्दा बढी दुध बिक्री गर्ने डेरी पसल लाई दर्ता प्रक्रियामा लगिने छ |

**७. एग्रोभेट पसल** : आधिकारिक प्रमाण पत्र सहित खोलिएका एग्रोभेटहरुलाई गाउँपालिकामा दर्ता गरिने छ |

**८. समूह** : कम्तिमा १० देखि २५ जना संगठित भई कुनै बिशेष काम जस्तै बाख्रापालन,गाई भैसीपालन,कुखुरापालन गरिरहेको समुहलाई दर्ता प्रक्रियामा लगिने छ |

**९. मासु व्यवसायी संघ** : गाउँपालिका भित्रका मासु पसलहरुलाई एकरुपता ल्याउनको लागी गाउँपालिका स्तरीय मासु व्यवसायी संघलाई बिधान सहित दर्ता गाउँपालिकामा दर्ता गरिने छ |

**१० . घाँस नर्सरी दर्ता** : कम्तिमा २ रोपनीमा घास खेति गरिएको वा एक बर्षीय, बहुबर्षीय घाँसको नर्सरी राखी संचालन गरेको नर्सरीलाई दर्ता प्रक्रियामा लगिने छ |

**फार्म दर्ता प्रक्रिया** :

- निबेदन
- सम्बन्धित वडाको सिफारिस पत्र |
- नागरिकताको प्रतिलिपि |
- २ प्रति पासवट साइजको फोटो
- चौकिल्ला प्रमाणित पत्र,
- जग्गा भाडामा भए सो को सम्झौता पत्र
- एकाघरको भए मन्जुरिनामा
- राजस्व शाखामा राजस्व बुझाएको रसिद

**समूह दर्ता प्रक्रिया** :

- सम्बन्धित वडाको सिफारिस पत्र
- समूह दर्ता गर्ने निर्णय
- २ प्रति समुहको बिधान

- समुहको पदाधिकारीहरुको नागरिताको प्रतिलिपि
- समुहको छाप
- राजस्व शाखामा राजस्व बुझाएको रसिद

**नोट :**

- दर्ता भएका फार्म/एग्रोभेट/डेरी पसल/मासु पसल/समूह/संघ/घाँस नर्सरी लाई गाउँपालिकाले आधिकारिक प्रमाण पत्र उपलब्ध गराउने छ ।
- दर्ता भएका फार्म/एग्रोभेट/डेरी पसल/मासु पसल/समूह/संघ ले प्रत्यक २ बर्षमा नवीकरण गर्नु पर्ने छ।
- दर्ता भएका फार्मघाँस नर्सरी घाँस मासु /संघ/समूह/ /एग्रोभेट/डेरी पसल/पसलघाँस नर्सरी को समय समयमा अनुगमन गरिने छ र कानुन विपरित कामकाज गरेको पाइएमा तुरुन्त कारबाही प्रक्रियामा लगिनेछ ।

**आर्थिक प्रशासन**

कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

**अनुगमन**

कार्यक्रमको अनुगमन पशु बिकास कार्य समितिले अनुगमन समितिले गरिने छ ।

**११ थपघट (वा हेरफेर गर्न सक्ने)**

क( यो कार्याविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी वनाउन गाउ कार्यपालिकाले आवश्यकता अनुसार थपघटहेरफेर तथा खारेज गर्न सक्नेछ । ,

ख( यस कार्याविधिको कार्यान्वयमा कुनै वाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो वाधा अवरोध फुकाउने

प्रयोजनका लागि गाउ कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

**परिच्छेद १०**

**<u>५०% अनुदानमा बीमा अनुदान कार्यक्रम संचालन बिधि</u>**

उदेश्य :

- किसानलाई उन्नत पशुपालनमा उत्साहित गराउने । |
- पशुपालक कृषकहरुलाई प्राविधिक सेवा उपलब्ध गराई पशुधनको सुरक्षा गर्ने । |
- भव्यतव्य परी पशुहरुको मृतु भएमा क्षतिपूर्तिको व्यबस्था मिलाउन |

**कार्यक्रम संचालन प्रक्रिया :**

- यो कार्यक्रम सबै वडाहरुमा संचालन गरिने छ |
- त्रिवेणी गाउँपालिकाले पशुपन्छीको बीमा गर्न इच्छुक कृषक/समुह/सहकारी सस्थाको लागी सुचना प्रकाशन गरी प्रस्ताव माग गर्नेछ |
- आवेदन परेका कृषक/समुह/सहकारी सस्थाले जुनसुकै बीमा कम्पनीबाट बीमा गराउन सक्नेछन |
- कृषक/समुह/सहकारी सस्थाले पशुपन्छीको बीमा गर्दा लाग्ने सम्पूर्ण रकम तिरेपछि ५०% अनुदान प्रिमियम रकम भुक्तानीको लागी बीमा पोलेसीको फोटोकपी पशु सेवा शाखामा पेश गर्नु पर्नेछ |

कृषकहरुले पेश गरेका विवरणको आधारमा पशु सेवा शाखाले कृषकहरुलाई अनुदान रकम वितरण

**परिच्छेद ११**

**<u>मेशिनरी उपकरण वितरण कार्यक्रम संचालन बिधि</u>**

उद्देश्य

- लागत खर्च कम गरी प्रतिस्पर्धी बनाउने ।
- समयको बचत गर्ने ।

**कार्यक्रम अन्तर्गत गरिने क्रियाकलापहरु**

यस कार्यक्रम अन्तर्गत संचालन गरिने क्रियाकलापहरु निम्नानुसार हुनेछन

- पशुपन्छी तथा मत्स्यको लागि प्रयोग हुने सम्पूर्ण औजार उपकरण
- डेरी तथा मासुजन्य अन्य औजार उपकरण

**मापदण्ड**

- व्यवसायिक रुपमा पशुपन्छी पालन गरि सम्बन्धित निकायमा फर्म दर्ता गरेको हुनुपर्नेछ ।
- डेरी पसल/दुध संकलन केन्द्र/मासु पसल दर्ता गरि संचालनमा ल्याएको हुनुपर्ने ।

**.अनुदान रकम :**

- पचास प्रतिशत लागत साझेदारी गर्नुपर्ने छ ।

**थपघट वा हेरफेर**

क यो कार्याविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी वनाउन गाउँ कार्यपालिकाले आवश्यकता अनुसार थपघटहेरफेर तथा खारेज गर्न सक्नेछ । ,

ख. यस कार्याविधिको कार्यान्वयमा कुनै वाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो वाधा अवरोध फुकाउने प्रयोजनका लागि पशु बिकास कार्य समितिले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

## अनुसूची १
## (परिच्छेद २ संग सम्बन्धित)
## कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रमको लागि अभिलेख राख्न इच्छुक कृषकहरुबाट प्रस्ताव आह्वान सम्बन्धी सुचना

कालिमाटी गाउँपालिकाको आ.व. २०७९ /०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **कृषकको उत्पादन गाउँपालिकाको अनुदान** कार्यक्रम संचालनको लागि उत्पादित पशु तथा पशुजन्य पदार्थको अभिलेख राखी गाउँपालिकाबाट अनुदान प्राप्त गर्न इच्छुक कृषकहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र तपशिलमा उल्लेखित विवरण सहितको आवेदन फाराम कालिमाटी गाउँपालिकामा पेश गर्न हुन जानकारी गराईन्छ ।

**क) संलग्न हुनुपर्ने कागजातहरुः**

१. आवेदनको निवेदन
२. नेपाली नागरिकताको फोटोकपी
३. दर्ता भएको भए प्रमाण पत्रको फोटोकपी
४. अनुसूची २ बमोजिमको पशुपन्छीको अभिलेख
५. पशु बिमा गरेको भए सो को बिमालेखको फोटोकपी
६. पशुपन्छीको फोटो

## अनुसूची-२
## (परिच्छेद २ संग सम्बन्धित)

श्री प्रमुख प्राशासकीय अधिकृत ज्यू
कालिमाटी गाउँपालिकाको कार्यालय
रामपुर सल्यान

**विषय : पशुपन्छी विवरणको अभिलेख सम्बन्धमा |**

प्रस्तुत विषयमा कालिमाटी गाउँपालिका वडा नं ..............निवासी म ...........................ले मेरो घरमा पालेको तपशिल बमोजिमका पशुपन्छिहरुको विवरण गाउँपालिकामा अभिलेख राखिदिनुहुन बिनम्र अनुरोध गर्दछु ।|

<u>तपशिल :</u>

**क) <u>बाखा तर्फ :</u>**

१. माउ बाखाको संख्या :

२. खसी/बोकाको संख्या :

३. पाठाको संख्या :

४. पाठीको संख्या :

**ख) गाई/भैसीको तर्फ :**

१. जम्मा गाई/भैसीको संख्या :

२. दुहुना गाई/भैसीको संख्या :

३. दैनिक दुध उत्पादन :

**ग ) अण्डा उत्पादन तर्फ :**

१. कुखुराको संख्या :

२। दैनिक अण्डा उत्पादन :

<u>निवेदक</u>

नाम :ठेगाना :

दस्तखत : सम्पर्क नं :

## अनुसूची ३
## (परिच्छेद २ संग सम्बन्धित)
## अनुदानको लागि कृषकले राख्नु पर्ने विवरण

| क्रस | मिति | किसानको नाम थर | ठेगाना | पालेका पशु संख्या | उत्पादित बस्तु | विक्री संख्या/लि/किलो/गोटा | दर | जम्मा बुझेको रु. | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## अनुसूची-४

## प्रस्ताव आह्वान सम्बन्धी सुचना

कृषि तथा पशुपालन पेशालाई व्यावसायिक, प्रतिस्प्रधी र मर्यादित पेशाका रुपमा बिकास गर्ने र यसमा संलग्न कृषकहहरुलाई प्रोत्साहित गर्ने उद्देश्यले यस गाउँपालिकाको आ.व २०७९/.. मा गाउँपालिका अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार वितरण कार्यक्रम रहेको हुँदा न्युनतम मापदण्ड पुगेका इच्छुक कृषकहरुलाई यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र  तपशिलका कागजात सहित कार्यालय समयमा प्रस्ताव दर्ता गर्नहुन यो सुचना प्रकाशित गरिएको छ ।

**संलग्न हुनुपर्ने कागजातहरुः**

१. नेपाली नागरिकताको फोटोकपी
२. फार्म दर्ता भएको प्रमाण पत्रको फोटोकपी
३. कर चुक्ता प्रमाण पत्रको फोटोकपी
४. अनुसूची ५ अनुसारको निवेदन र अनुसूची ६ अनुसारको कृषकको विवरण
५. २ प्रति अटो साइजको फोटो
६. सम्बन्धित वडाको सिफारिस पत्र

अनुसूची ४

(परिच्छेद ३ संग सम्बन्धित)

**गाउँपालिका अध्यक्ष उत्कृष्ट  पुरस्कार कार्यक्रममा सहभागीका लागि न्युनतम मापदण्ड (तल तालिकामा उल्लेख भएको मध्ये कुनै एक खेति वा पशुपन्छी पालन भर पनि हुने )**

| क्र.स | बालीको नाम | क्षेत्रफल/संख्या | कैफियत |
|---|---|---|---|
| १ | तरकारीबाली | २ रोपनी/५ वटा टनेल | |
| २ | च्याउ | ५ टनेल | |
| ३ | सुन्तला | ५० बोट | |
| ४ | आँप | ५० बोट | |
| ५ | मौरीपालन | २० घार | |
| ६ | माछापालन | २ रोपनी | |
| ७ | भेडा बाखा | २० माउ | |
| ८ | बंगुर | १० माउ | |
| ९ | गाई भैसी | ५ माउ | |
| १० | कुखुरा | १००० वटा | |
| ११ | घाँस खेति | ३ रोपनी | |

नोट : उपरोक्त बाहेकका कुनै नया उत्कृष्ट व्यवसाय ( कृषि/पशुपालन ) गरेको रहेछ भने केहि थप आधारहरु तय गर्नुपर्ने अवश्था आएमा गाउँ कार्यपालिकाको बैठक बाट निर्धारण गर्न सकिने छ ।

**अनुसुची-५**

**(परिच्छेद ३ संग सम्बन्धित)**

**गाउँपालिका अध्यक्ष उत्कृष्ट पुरुस्कार कार्यक्रममा भाग लिने कृषकले पेश गर्नुपर्ने निवेदनको ढाचा**

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू ज्यू
कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय
रामपुर,सल्यान

**बिषय : गाउँपालिका अध्यक्ष उत्कृष्ट पुरस्कार कार्यक्रममा मा सहभागी हुन पाउ बारेमा ।**

कालिमाटी गाउँपालिकाको मिति ................को सार्वजनिक सुचना अनुसारको वडा गाउँपालिका अध्यक्ष उत्कृष्ट पुरस्कार कार्यक्रममा प्रतियोगितामा मलाई सहभागी हुन इच्छा भएकोले मेरो विवरण सहितको निबेदन दर्ता गरिदिनुहुन बिनम्र अनुरोध गर्दछु |

निवेदकको
नाम :
दस्तखत :
ठेगाना :
फार्मको नाम :
मोबाइल नं :

अनुसूची ६

(परिच्छेद ३ संग सम्बन्धित)

## गाउँपालिका अध्यक्ष उत्कृष्ट पुरस्कार कार्यक्रमको लागी कृषकले पेश गर्नुपर्ने निबेदन फारम

फोटो अनिवार्य

१.कृषकको नाम :

२ जन्म स्थान र जन्म मिति :

३. स्थायी ठेगाना :

४. श्रोत साधनको विवरण

| क.स. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १ | कुल जग्गाको क्षेत्रफल | | |
| २ | कुल खेति गरिएको क्षेत्रफल | | |
| ३ | पशुपालनको लागि प्रयोग भएको क्षेत्रफल | | |
| ४ | सिंचित क्षेत्रफल | | |
| ५ | कृषि यन्त्र उपकरणको अवस्था | | |

५. खेति गरिएको बालि तथा तरकारी उत्पादनको

| क.स | विवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १ | तरकारी | | | |
| २ | च्याउ | | | |
| ३ | मौरी | | | |
| ४ | सुन्तला खेति | | | |
| ५ | आँप खेति | | | |

६. पशुपन्छीको उत्पादन विवरण

| क.स | विवरण | इकाई | परिमाण/उत्पादन |
|---|---|---|---|
| १ | गाई भैसी | | |
| २ | भेडा बाख्रा | | |
| ३ | कुखुरा | | |

| | | | |
|---|---|---|---|
| ४ | बंगुर | | |
| ५ | दुध उत्पादन | | |
| ६ | मासु उत्पादन | | |
| ७ | अण्डा उत्पादन | | |
| ८ | माछापालन | | |

७. सेवा तथा सस्थागत पहुच सम्बन्धी विवरण

| क.स | सेवा तथा सस्थागत विवरण | अति उत्तम | उत्तम | सामान्य | नभएको |
|---|---|---|---|---|---|
| १ | शाखा संग सम्पर्क/समन्वय | | | | |
| २ | कृषि ऋण एबं पहुच | | | | |
| ३ | बाली तथा कृषि बिमाको पहुचको स्थिति | | | | |
| ४ | प्राविधिक संग सम्पर्क | | | | |

८. पेशा संग सलग्न कामदारको विवरण

| क.स | कामको विवरण | संख्या | घरेलु कामदार | ज्यामी कामदार |
|---|---|---|---|---|
| १ | खेति कार्यमा | | | |
| २ | पशुपालनमा | | | |
| ३ | पन्छिपालनमा | | | |
| ४ | प्रशोधन तथा बजारीकरण | | | |

९. कृषि व्यवसायमा लगानी

| क.स | विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| | जम्मा खेति खर्च | | |
| | जम्मा तरकारी खेति खर्च | | |
| | जम्मा औजार उपकरण खर्च | | |
| | जम्मा पशुपालन खर्च | | |
| | जम्मा पन्छिपालन खर्च | | |

१०. कृषि पेशामा भएको लगानीको श्रोत

| क.स | लगानीको श्रोत | रकम रु | कैफियत |
|---|---|---|---|
| | बैंकबाट लिएको ऋण | | |
| | समूह सहकारीबाट लिएको ऋण | | |
| | साहुबाट लिएको ऋण | | |
| | छिमेकीबाट लिएको ऋण | | |
| | आफ्नै आम्दानीबाट व्यहोर्ने रकम | | |
| | जम्मा रकम | | |

११. कृषि पेशाबाट वार्षिक पारिवारिक आम्दानी स्थिती

| क.स | विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| | खेती कार्यबाट | | |
| | पशुपालनबाट | | |
| | पन्छिपालनबाट | | |
| | कृषि उपज बजारीकरनबाट | | |
| | कुल जम्मा आम्दानी | | |

१२. दक्षताको क्षेत्र

| क्र.स | दक्षताको क्षेत्र | स्थिती |
|---|---|---|
| | उन्नत प्रविधि उपयोग तथा अनुशरण भएको/नभएको | |
| | स्रोत साधनको अधिकतम सदुपयोग भएको/ नभएको | |
| | प्रबिधि बिस्तारमा योगदान भएको/नभएको | |
| | रोग किरानियन्त्रण प्रविधिको प्रयोग भएको नभएको | |
| | भकारो सुधार एबं गोठ सुधार भएको नभएको | |
| | उत्पादन लागत तथा प्रतिफल रेकर्ड व्यस्थापन गरेको/नगरेको | |
| | कुनै किसिमको पुरुस्कार एबं प्रसंशा पत्र पाएको/नपाएको | |
| | फार्म दर्ता भएको नभएको | |
| | स्थानीय स्तरमा आफ्नो आनुभव आदान प्रदान गरेको/नगरेको | |
| | तालिम लिएको/नलिएको | |
| | अन्य कुनै पुरस्कार पाए/नपाएको | |

१३. खेती प्रणालीमा अपनाइएको नयाँ प्रविधिको बिबरन

१४. कृषि/पशुपन्छीपालन व्यवसाय प्रबर्धनको भावी योजना कुनै भएमा

अनुसूची ७

(परिच्छेद ३ संग सम्बन्धित)

**गाउँपालिका अध्यक्ष उत्कृष्ट पुरस्कारको लागि कृषकले पेश गरेका निबेदन फारमको मुल्यांकनका आधारहरु**

**व्यवसाय :**

| क्र.स | निबेदन फारम मुल्यांकन मापदण्ड | पुर्नाक | प्राप्तांक |
|---|---|---|---|
| १ | श्रोत साधनको स्थिति एबं सदुपयोग | १० | |
| २ | स्थानीय समुदायमा कार्य अनुभवको आदान प्रदान एबं योगदान | १५ | |
| ३ | उत्पादन स्थिति | २० | |
| ४ | सेवा तथा संस्थागत पहुच | ५ | |
| ५ | रोजगारी सृजनाको स्थिती | १० | |
| ६ | कृषि/पशुपालन व्यवसायमा गरेको लगानीको स्थिती | ५ | |
| ७ | कृषि/पशुपालन व्यवसाय बाट प्राप्त आम्दानी एबं प्रतिफल | १० | |
| ८ | शाखा/प्राविधिक संग सम्पर्क | ५ | |
| ९ | प्राविधिक ज्ञान सिप बारे जानकारी एबं प्रयोग | १० | |
| १० | व्यवसायको दिगोपन | १० | |

## अनूसुची ८
### (परिच्छेद ४ संग सम्बन्धित)
### अनुदानमा बोका वितरण सम्बन्धी
### सूचना

कालिमाटी गाउँपालिकाको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ५०% अनुदानमा उन्नत जातको बोका वितरण कार्यक्रम प्रभावकारी ढंगले संचालन गर्न को लागी कालिमाटी गाउँपालिकामा भित्र संचालनमा रहेका फर्म/ समूह/ बाट प्रस्ताव आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक फर्म/ समूह यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारम र परियोजना प्रस्ताव यस कार्यालयमा पेश गर्नु होला । विस्तृत जानकारिका लागि कालिमाटी गाउँपालिका पशु सेवा शाखामा मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न गर्न समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

१ अनूसूची-९ अनुसारको आवेदन फारम

२ अनूसूची-१० अनुसारको प्रतिवद्धता पत्र

३ नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

४ फार्म/समुहको छाप

५ गाउँपालिकामा दर्ता भएको प्रमाण पत्रको फोटोकपी

६ संस्थासंग आवद्ध सदस्यहरुले प्राप्त गरेको अन्य प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, आदि) का प्रमाणित प्रतिलिपीहरु

**अनुसूची ९**

**(परिच्छेद ४ संग सम्बन्धित)**

**अनुदानमा बोका वितरण माग सम्बन्धी निवेदन**

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय
रामपुर,सल्यान

विषय - अनुदानमा बोका वितरण  कार्यक्रम उपलब्ध गराई दिने बारे ।

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी .............................................. कार्य गर्न तिब्र ईच्छा भएकाले निम्नानुसार कागजात राखी निबेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रक्रिया आनुसार गाउँपालिका भित्रै रही कार्य गर्नेछु ।

पुनश्चा तपशिल अनुसारका कागजातहरु यसै निबेदन साथ संलग्न राखेको व्यहोरा अनुरोध गर्दछु ।

<u>तपशिल</u>

१.सम्बन्धित वडाको सिफारिस पत्र
२. गाउँपालिकामा दर्ता भएको प्रमाण पत्रको फोटोकपी
३. नेपाली नागरिताको प्रमाणित प्रतिलिपि
४. कार्यक्रम छनौट भएमा कार्यान्वन गर्ने प्रतिबद्ता

<u>निवेदकको</u>

नामः
दस्तखत :
ठेगाना :
सम्पर्क नं :
छाप :

## अनुसूची १०
### (परिच्छेद ४ संग सम्बन्धित)
### प्रतिबद्ता पत्र

कालिमाटी गाउँपालिकाको मिति २०७९/../.... गतेको प्रकाशित सुचना अनुसार कालिमाटी गाउँपालिका वडा नं ................ बस्ने श्री .......................ले ५०% अनुदानमा उन्नत बोका वितरण कार्यक्रमको लागि पेश गर्नु भएको गरेको आर्थिक प्रस्ताव अनुसार उक्त कार्यक्रम मलाई प्राप्त भएमा आफ्नो आन्तरिक स्रोतबाट थप ५० % रकम लगानी समेत गरि कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

नाम :
दस्तखत :
फार्म/समुहको नाम :
ठेगाना :
सम्पर्क नं :
मिति :

## अनुसूची ११
### (परिच्छेद ४ संग सम्बन्धित)
### कार्यक्रम संचालनका लागि संस्थाको छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| क.सं | द. नं. | आवेदक संस्थाको नाम | ठेगाना | कार्य योजना (५०) | | | व्यवसायको सम्भाव्यता /उपयुक्तता (२५) | प्रत्यक्ष लाभान्वित हुने संख्या (२५) | कुल प्राप्तांक १०० |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | खोर को क्षमता र अवस्था (१५) | घाँस लगाएको क्षेत्रफल (१५) | कार्य योजनाको विवरण २०) | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

छनौट समिति पदाधिकारीहरुको:

नाम थरः पदः कार्यालय/ठेगाना दस्तखत

१. २. ३. ४. ५.

## अनुसूची १२
### (परिच्छेद ४ संग सम्बन्धित)
### कालिमाटी गाउँपालिका पशु सेवा शाखाले कृषक संग गराउने प्रजनन् बोका शर्तनामा

भरपाई दादै आगे जिल्ला सल्यान कालिमाटी गाउँपालिका वडा नं .....निवासी म .............................ले आफ्नो फार्म र स्थानीय कृषकहरुले पालेका बाख्रा प्रजनन् सेवा उपलब्ध गराई बाख्रा नश्ल सुधार र बिस्तार को लागी सहयोग गर्न कालिमाटी गाउँपालिकाबाट प्राप्त ट्याग नं......को ......जातको बोका आज मिति ................गतेका दिन निम्न शर्तमा बुझिलिई यो भरपाई गरिदिया |

इति सम्बत २०७..../../... गते रोज ...... मा शुभम् |

शर्तनामा

- आफुले बुझिलिएको बोका प्रजनन् लागि मात्र प्रयोग गरी सो को अभिलेख नियमित रुपमा पशु सेवा शाखामा बुझाउने छु |
- बोका बिरामी भएमा नजिकको सेवा केन्द्रमा सम्पर्क राखी उपचार गर्ने छु |
- बर्षमा कम्तिमा ४ पटक परजीवी बिरुद्ध औषधि गर्ने छु |
- कुनै लापरवाही कारण बोका मरेमा सोहि गुणस्तरको बोका आफ्नै खर्चमा व्यवस्था गरी सेवा पुर्याउने छु |
- यस क्षेत्रका कृषक तथा व्यवसायीले पालेका बाख्राहरुमा आश्यकता अनुसार प्रजनन् सेवाको लागि बोका उपलब्ध गराउनेछु |
- हाडनाता हुने प्रजनन् नियन्त्रणका लागि आवश्यक व्यस्था मिलाउने छु |

- पशु सेवा शाखाबाट बोका व्यवस्थापनको लागि अन्य कृषकलाई  दिने निर्देशन दिएको अवस्थामा सोको पालना गर्ने छु ।

बोका बुझ्नेको सहि :

बोका बुझाउनेको सहि :

नाम ::

नाम :

ठेगाना :

ठेगाना :

सम्पर्क नं :

साक्षी /रोहबर

१.

प्रमाणित गर्ने :

कार्यालय प्रमुखको नाम :

दस्तखत :

कार्यालयको छाप :

## अनुसूची १३
## (परिच्छेद ५ संग सम्बन्धित)
### तालिममा सहभागीको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

कालिमाटी गाउँपालिकाको आ.व २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार गाउँपालिका स्तरीय व्यवसायीक गाईभैसी/बाख्रा/ कुखुरा पालन तालिममा सहभागी हुन इच्छुक कृषकहरुले सूचना प्रकाशन भएको ३० दिन भित्र कार्यालय समयमा आवश्यक कागजात सहित पशु सेवा शाखामा निबेदन पेश गर्नहुनु सम्बन्धित सबैमा जानाकारी को लागि यो सूचना सूचना प्रकाशन गरिएको छ ।

<u>आवश्यक कागजातहरु:</u>

- अनुसूची १४ बमोजिमको निबेदन
- नेपाली नागरिताको फोटोकपी
- फार्म दर्ता भएको भए सो को फोटोकपी
- बैदेशिक रोजगारबाट फर्किएको भए सोको फोटोकपी

**अनुसूचि १४**

**(परिच्छेद ५ संग सम्बन्धित)**

**व्यावसायिक पशुपन्छी पालन तालिममा सहभागिताको लागि दिईने निवेदनको दांचा**

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
कालिमाटी गाउँपालिकाको कार्यालय
रामपुर, सल्यान

**विषय : तालिममा सहभागि हुन पाउं।**

महोदय ,

यस कार्यालयको मिती ...............................को प्रकाशित सूचना अनुसार पशुपन्छीमा संलग्न युवाहरुका लागि गाउँपालिकाले संचालन गरिने कृषकस्तर गाईभैसी/बाख्रा/कुखुरा पालन तालिममा सहभागिताका लागि अनुरोध गरिन्छ।

पुनश्च : आवेदन साथ तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न गरिएको व्यहोरा अनुरोध गरिन्छ। ।

<u>तपसिल</u>

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- फार्म दर्ताको प्रमाण पत्रको प्रतिलिपी
- वैदेशिक रोजगारीबाट फर्केको प्रमाणको प्रतिलिपी

**निवेदक**

नाम :

## अनुसूची-१५

(परिच्छेद ५ संग सम्बन्धित)

### व्यवसायिक पशुपन्छी पालन तालिमका लागि सहभागि छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| क्र.स. | निवेदकको नाम | ठेगाना | पशुपालनमा संलग्नता (५०) | उमेरको हद (१८ देखि ५०) (२०) | वैदेशिक रोजगारीबाट फर्केको (१५) | महिला जनजाती दलित (५) | भौगोलिक (१०) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची १५

## प्रस्ताव आह्वान सम्बन्धी सुचना

कालिमाटी गाउँपालिकाको आ.व. २०७९/ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषकले तिर्नुपर्ने प्रिमियमको ५०% अनुदानमा पशुपन्छीको बीमा कार्यक्रम रहेको हुँदा पशुपन्छीको बीमा गर्न इच्छुक कृषक/समूह/सहकारी सस्थाले यो सुचना प्रकाशित भएको मितिले ........ दिन भित्र तपशिलका कागजात सहित कार्यालय समयमा निवेदन दर्ता गर्नहुन यो सुचना प्रकाशित गरिएको छ ।

**संलग्न हुनुपर्ने कागजातहरुः**

- निवेदन
- नेपाली नागरिकताको प्रतिलिपि
- पशुपन्छी बीमालेखको प्रतिलिपि
- बीमा शुल्क (प्रिमियम) तिरेको सक्कल बिल

ठेगाना :

दस्तखत :

सम्पर्क नं :

आज्ञाले,

खिम बहादुर खड्का

प्रमुख प्रशासकीय अधिकृत